# राष्ट्रिय किसान आयोगको अध्यक्ष एवं सदस्यहरुको पारिश्रमिक र सुविधा सम्बन्धी निर्देशिका, २०७३

राष्ट्रिय किसान आयोगका अध्यक्ष एवं सदस्यहरुको पारिश्रमिक र सुविधाका सम्बन्धमा व्यवस्था गर्न वान्छनिय भएकोले राष्ट्रिय किसान आयोग गठन कार्यकारी आदेश, २०७३ को दफा २६ ले दिएको अधिकार प्रयोग गरी कृषि विकास मन्त्रालयबाट यो निर्देशिका तयार गरेको छ ।

१. पारिश्रमिकः अध्यक्षको पारिश्रमिक मासिक सन्ताउन्न हजार सात सय असी रुपैया र सदस्यको पारिश्रमिक मासिक एकाउन्न हजार चार सय बीस रुपैया हुनेछ ।

२. आवास, विजुली, धारा र टेलिफोन सुविधाः (१) काठमाडौं उपत्यका भित्र आफ्नो वा आफ्नो सगोलमा रहेको परिवारको कुनै सदस्यको नाममा घर नहुने अध्यक्ष र सदस्यलाई मासिक रुपमा घरभाडा वापत क्रमशः अठार हजार रुपैया र पन्ध्र हजार रुपैया दिइनेछ ।

(२) काठमाडौं उपत्यकाभित्र आफ्नो घर हुने किसान आयोगका अध्यक्ष र सदस्यलाई घर सफाई एवं मर्मतको निमित्त क्रमशः मासिक दुई हजार सात सय रुपैयाँ र दुई हजार दुई सय पचास रुपैयाँ दिइनेछ ।

(३) अध्यक्ष र सदस्य प्रत्येकलाई टेलिफोन, विजुली र धारा सुविधा बापत मासिक दुई हजार पाँचसय रुपैयाँ दिइनेछ ।

३. सवारी तथा इन्धन सुविधाः (१) आयोगका अध्यक्ष र सदस्य प्रत्येकलाई ड्राईभर सहितको मोटर एक, मासिक एक सय लिटर इन्धन र त्रैमासिक पाँच लिटर लुब्रिकेण्ट नेपाल सरकारले उपलब्ध गराउनेछ ।

(२) आफ्नो निजी मोटर प्रयोग गर्ने अध्यक्ष र सदस्यलाई एक/एक जना हलुका सवारी चालक, मासिक एक सय लिटर इन्धन र त्रैमासिक पाँच लिटर लुब्रिकेण्ट बापतको रकम नेपाल सरकारले उपलब्ध गराउनेछ ।

(३) उपनियम (१) बमोजिम उपलब्ध गराईएको सरकारी मोटरको नियमित मर्मत र सम्भारको बन्दोबस्त आयोगबाट हुनेछ ।

(४) उपनियम (१) वा (२) बमोजिम सवारी साधनको बन्दोबस्त नभएको अवस्थामा अध्यक्ष र सदस्यलाई सवारी तथा इन्धन सुविधा बापत मासिक रुपमा क्रमशः पैंतिस हजार रुपैयाँ र तीस हजार रुपैयाँ दिइनेछ ।

४. उपचार खर्चः (१) अध्यक्ष वा सदस्यलाई प्रत्येक वर्ष एक महिनाको तलब बराबरको रकम वा वास्तविक रुपमा लागेको बील बमोजिमको उपचार खर्च मध्ये जुन रकम कम हुन्छ सोही बमोजिमको रकम उपचार खर्च बापत दिइनेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि अध्यक्ष र सदस्य बिरामी भई थप उपचार गर्नु पर्ने भएमा नेपाल सरकारले तोकेको मेडिकल बोर्डको सिफारिसको आधारमा नेपाल सरकारबाट उपयुक्त ठहऱ्याएको रकम थप उपचार खर्च दिन सकिनेछ ।

(३) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि अध्यक्ष वा सदस्यको उपचार बापत आयोगले नेपाल सरकारसँग परामर्श गरी स्वास्थ्य बीमा (मेडिकल इन्सुरेन्स) को व्यवस्था गर्न सक्नेछ र त्यस्तो व्यवस्था भएकोमा यस नियम बमोजिमको उपचार खर्च उपलब्ध गराइने छैन ।

५. दैनिक तथा भ्रमण भत्ताः अध्यक्ष वा सदस्यलाई आफ्नो ओहदा सम्बन्धी काममा नेपाल भित्र वा विदेश भ्रमण गर्दा भ्रमण खर्च नियमावली, २०६४ मा व्यवस्था भए बमोजम अन्य सुविधाहरु र विशिष्ठ श्रेणीलाई तोकिए बमोजिम भ्रमण खर्च र दैनिक भ्रमण भत्ता प्रदान गरिनेछ ।

६. चाडपर्व खर्चः (१) अध्यक्ष र सदस्यले आफ्नो धर्म, संस्कृति र परम्परा अनुसार मनाईने चाडपर्वको लागि एक महिनाको पारिश्रमिक बराबरको रकम प्रत्येक वर्ष चाडपर्व खर्चको रुपमा पाउनेछ ।

(२) उपनियम (१) बमोजिमको रकम अध्यक्ष र सदस्यले एक आर्थिक वर्षमा एक पटक आफ्नो धर्म, संस्कृति र परम्परा अनुसार मनाईने प्रमुख चाडपर्वको अवसरमा भुक्तानी लिन सक्नेछ ।

७. पदीय आचरणः अध्यक्ष र सदस्यले आफ्नो सेवा र पद अनुकूलको आचरण पालना गर्नु पर्नेछ र त्यस्तो आचरण सम्बन्धी व्यवस्था आयोग आफैले बनाई लागू गर्नेछ ।

८. सुविधाको प्रारम्भः यस निर्देशिका बमोजिम पाउने सुविधाहरु अध्यक्ष र सदस्यले आफ्नो पदको सपथ ग्रहण गरेको मिति देखि पाउनेछ ।

९. संशोधन गर्नेः यो निर्देशिकामा केही संशोधन गर्न आवश्यक भएमा कृषि विकास मन्त्रालयले अर्थ मन्त्रालयको सहमति लिई संशोधन गर्न सक्नेछ ।

नि. सचिव